अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

## मनराशिसवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०७९/०९/१७

भाग-१

## मनराशिसवा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९

# मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९

नगर सभाबाट पारित मिति :२०७९/०३/३२ गते

शिक्षा सम्बन्धि विविध कार्यहरु संचालन गर्न संघीय कानुन बाहेक थप कानुनी व्यवस्था गर्न वान्छनीय भएकाले नेपालको संविधान, २०७२ को धारा २२१ को उपधारा (१) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न मनराशिसवा नगरपालिकाको नबौ नगर सभाबाट बनेको ऐन ।

**प्रस्तावना :**

देश विकाशका लागि सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा र युवा तथा प्रौढको जीवन पर्यन्त सिकाईद्वारा विकासको लागि आवश्यक जनशक्ति तयार गर्न तथा शत प्रतिशत बालबालिकाहरुको सिकाईलाई सर्वसुलभ, गुणस्तरीय, समय सापेक्ष बनाउदै, भाषा र संस्कृतिको सम्मान गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न मनराशिसवा नगरपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भईरहेको विधालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकाले, नेपालको संबिधान २०७२ को धारा ५७ को अनुसूची ८ को सुची न. ८ र संविधानकै धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरि मनराशिसवा नगरपालिकाले यो शिक्षा ऐन, २०७९ जारि गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

१) यस ऐनको नाम :- मनराशिसवा नगरपालिका शिक्षा ऐन, २०७९ रहेको छ ।

२) यो ऐन मनराशिसवा नगरपालिका भर लागू हुनेछ ।

३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) प्रराम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षमा दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) ३ वर्ष सम्मका बालबालिका शिशु कक्षाका अध्यनरत विधार्थी सम्झनु पर्दछ ।

(ग) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँच सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्त श्रवण वा अति अशक्त शारिरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) "सभा" भन्नाले मनराशिसवा नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ज) "नगरपालिका" भन्नाले मनराशिसवा नगरपालिका सम्झनुपर्छ ।

(झ) "सामुदायिक विधालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विधालय सम्झनुपर्छ ।

(ञ) "संस्थागत विधालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विधालय सम्झनु पर्छ ।

(ट) "आधारभूत विधालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा आठ सम्म शिक्षा दिने विधालय सम्झनुपर्छ ।

(ठ) "विधालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ड) "विधालय" भन्नाले सामुदायिक वा संस्थागत विधालय सम्झनुपर्छ।

(ढ) "शिक्षक" भन्नाले विधालयको अध्यापक सम्झनुपर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ण) "कर्मचारी" भन्नाले सामुदायिक विधालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(त) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(थ) "शैक्षिक गुठी" भन्नाले विधालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(द) "आधारभूत शिक्षा उतिर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(ध) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृत र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विधालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाँउछ ।

(न) "स्वीकृत" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विधालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ।

(प) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा( डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा( पी.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(फ) “आयोग” भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ।

(ब) "प्राबिधिक तथा ब्यबसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सिप तथा बिषयबस्तुको सिकाई गरि प्रबिधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा ९ देखि १२ सम्म अध्यापन गराउने शिक्षा लाइ

(भ) "आवासीय बिद्यालय " भन्नाले संधीय सरकार ,प्रदेश सरकार र नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्विकृति प्रदान गरिएको विद्यालयलाइ जानाउछ |सम्झनुपर्छ |

(म) "नगर प्रमुख " भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुखलाइ जनाउदछ |

(य) "नगर उप प्रमुख " भन्नाले मनराशिसवा नगरपालिकाको उप प्रमुखलाइ जनाउदछ |

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मनराशिसवा नगरपालिकाको प्रशासनिक प्रमुखलाई जनाउदछ|

(ल) "शिक्षा अधिकृत " भन्नाले नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ |

(व) "नगर शिक्षा समिति " भन्नाले मनराशिसवा नगरपलिकाको शिक्षा समितिलाई जनाउदछ |

३. **विधालय खोल्न अनुमति लिनुपर्ने:**

(१) कुनै नेपाली नागिरक,समुदाय वा संस्थाले सामुदायिक वा शैक्षिक गुठी अन्तर्गत विधालय खोल्न चाहेमा,वा खोलिएका बिद्यालयमा कक्षा थप र तह थप गर्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विधालय खोल्न अनुमति दिन मुनाशिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिइनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विधालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृत प्रदान गर्नेछ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **विधालयको सञ्चालन:** विधालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **शिक्षाको माध्यम:** (१)विधालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ।

(३) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(४) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

६. **विधालयको पाठ्यक्रम र पाठ्यपुस्तक:** (१) विधालयले नेपाल सरकार द्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्छ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुर्याएको मानिने छैन।

७. **नगर शिक्षा समिति:** (१) नगरपालिका भित्रका विधालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतका लागि एक नगर शिक्षा समिति रहनेछ।

(२) नगर शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. **वडा शिक्षा समितिः** (१) नगरपालिका भित्रका वडाका विधालयहरुको रेखदेख र व्यवस्थापन गर्नका लागी प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ।

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. **परीक्षा सञ्चालन तथा समन्वय समितिः** (१) नगरपालिकाका विधालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ।

१०. **विधालय व्यवस्थापन समितिः** (१) सामुदायिक विधालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विधालयमा एक विधालय व्यस्थापन समिति रहनेछ।

(२) विधालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

११. **नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विधालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र प्रत्येक विधालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

१२. **नगर शिक्षा कोषः** (१) नगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ, जसमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकार /प्रदेश सरकारबाट प्राप्त अनुदान
(ख) नगरपालिका/नगरकार्यपालिका बाट प्राप्त अनुदान रकम
(ग) शिक्षा करबाट उठेको रकम
(घ) चन्दाबाट उठेको रकम
(ङ) जिल्ला समन्वय समिति बाट प्राप्त रकम
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१३. **नगरपालिकाले विधालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न,कक्षा वा तह थप गर्न ,कक्षा वा तह धटाउन वा बन्द गर्न सक्नेः**

नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको राय लिई सञ्चालन भइरहेका कुनै विधालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विधालयलाई गाभी एउटा विधालय कायम गर्न वा विधालयको नाम परिवर्तन गर्न वा विधालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विधालय खोल्न वा विधालय कक्षा थप गर्न र कक्षा धटाउने अनुमति वा स्वीकृत दिन सक्नेछ ।

१४. **विधालयको सम्पतिः** (१) सामुदायिक विधालयको हकभोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिनेछ ।

(२) निजि शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विधालयको सम्पति सोही विधालयको नाममा रहनेछ । कुनै पनि बिद्यालय सार्बजनिक शैक्षिक गुठीको रुपमा संचालन गरिएकोमा त्यस्तो बिद्यालयको सम्पति सार्बजनिक सम्पति मनिनेछ | यो सम्पतिको स्वरूप नगरपालिकाको स्वीकृति बेगर परिबर्तन गर्न पाइने छैन |

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विधालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ।

१५. **विधालयलाई छुट र सुविधाः** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विधालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विधालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुटका लागि नियमानुसार सिफारिस गरिनेछ।

१६. **विधालयको वर्गीकरण:** विधालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

१७. **विधालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रूपमा कायम गर्नु पर्ने:** विधालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन अध्यापन गर्ने वाताबरण सृजना गर्न तथा विधालय हाता भित्र कुनै पनि किसिमको अवान्छित कृयाकलाप हुन नदिने गरी विधालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नु पर्नेछ।

१८. **शुल्क सम्बन्धि व्यवस्थाः** (१) नेपाल सरकार वा नगरपालिकाले नि:शुल्क शिक्षा घोषणा गरेको विधालय शिक्षाका लागि सामुदायिक विधालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिवावकले आफ्नो इच्छाले सामुदायिक विधालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

१९. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्थाः** (१) सामुदायिक विधालयका शिक्षकहरुको पेसागत हक हितको सम्बन्धमा कार्य गर्न नगरपालिकामा एक शिक्षक महासंघ रहनेछ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ।

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विधालयमा अनुपस्थित भएमा,

(ग) विधालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विधालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अनयत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक कृयाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनितिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा।

**स्पष्टीकरण :** यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको बिधानबमोजिम गठित संघ स्तरीय, प्रदेस स्तरीय वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनु पर्दछ|

२०. **स्थायी आवासीय अनुमति लिन नहुने:** सामुदायिक विधालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन।यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ।

२१. **शैक्षिक योग्यता:** विधालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

२२. **शिक्षक विद्यार्थीको अनुपात,दरबन्दी मिलान र थप शिक्षक सहायता :**

(१) नगरपालिकाले प्रत्येक विधालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

(२) आवश्यक मापदण्ड सहित बिधार्थी /शिक्षक अनुपात निर्धारण गरि नगर शिक्षा समितिले प्रत्येक बर्ष चैत्र महिना भित्र दरबन्दी मिलान गर्ने कार्य गर्नेछ|

(३) थप शिक्षक सहायता तोकिए बमोजिम हुनेछ|

२३. बालबालिकालाई निष्कासन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने:

(१) कुनै पनि बालबालिकालाई विधालयबाट निष्कासन गर्न पाइने छैन।

(२) विधालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

२४. **शिक्षकको सरुवा :** (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फारम भरी नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) शिक्षकको सरुवा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **तलब भता नपाउने र सेवा अवधि गणना नहुने:** नियमानुसार विदा स्वीकृत गराई वसेको अवस्थामा बाहेक विधालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

२६. **अध्यापन अनुमति पत्र लिनुपर्ने:** आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विधालयमा शिक्षण गर्न पाउने छैन ।

२७. **विधालय कोष:** (१) प्रत्येक विधालयमा एउटा विधालय कोष रहनेछ, जसमा देहायका रकमहरु रहनेछन:-

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान

(घ) शुल्क बाट प्राप्त अनुदान

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान

(च) अन्य स्रोतबाट प्राप्त अनुदान

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने:** (१) कसैले पनि नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्युसन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. **प्रारम्भिक बालविकास शिक्षा:** (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्र तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

३०. **अनौपचारिक शिक्षा:** नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाई, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

३१. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने:** नगरपालिकाले समुदायमा साक्षरता, सिप विकास, आयोजना तथा सिपमुलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ।

३२. **प्रगती विवरण बुझाउनु पर्ने:** संस्थागत विधालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगती विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

३३. **दण्ड र सजाय:** (१) कसैले विधालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उतरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृत वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा।

३४. **अदालतको आदेशबाट पुनर्बाहाली हुन सक्ने :** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरी वा पुनर्बाहाली हुन सक्नेछ।

३५. **मुद्दा हेर्ने अधिकारी :** (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्बन्धि मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकीलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

३६. **दरबन्दी सृजना गर्न सक्ने :** नेपाल सरकार द्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विधालयका लागि नगरपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि करार शिक्षक तथा कर्मचारी पद सृजना गर्न सक्नेछ।

३७. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम, कार्यविधि बनाउन वा संसोधन गर्न सक्नेछ।

३८. **निर्देशिका बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

३९. **बाधा अड्काउ हटाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ,त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ।

४०. **बचाउ र लागू नहुने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(२) यस ऐन लेखिएको कुनै कुराले विधालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान संग बाझिएको हकमा स्वत: निष्क्रिय हुनेछन।

प्रमाणिकरण मिति : २०७९/०९/१

आज्ञाले,
**माधवेन्द्र चौधरी**
प्रमुख प्रशासकीय अधिकृत